## नेपाल, बागमती प्रदेश, धादिङ, सिद्धलेक गाउँपालिका

# स्थानीय राजपत्र

**खण्ड ७, संख्याः५, मंसिर २८ गते, २०८० साल**

सिद्धलेक गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## भाग २

### सिद्धलेक गाउँपालिका भित्र अध्यक्ष संग पोषण कार्यक्रम कार्यान्वयन सम्बन्धि कार्यविधि,२०८०

**गाउँकार्यपालिका बाट स्विकृत मितिः २०८०।०८।२८**

# सिद्धलेक गाउँपालिकाको अध्यक्षसंग पोषण सेवा कार्यक्रम कार्यान्वयन सम्बन्धि कार्यविधि,२०८०

## <u>१.संक्षिप्त नाम, प्रारम्भ,परिभाषा र उद्देश्यः</u>

**प्रस्तावनाः** पोषण मानिसको आधारभुत आवशयकता हो हरेक उमेर समुहका मानिसलाई स्वास्थ्य रहन तथा प्रतिरोधात्मक क्षमताको बिकासको लागि पोषण अपरिहार्य छ। विशेष गरी गर्भवति महिला,स्तनपान गराईरहेको आमा तथा बाल बालिकाहरुमा विशेष पोषणको आवश्यकता पर्छ किनकि बाल बालिकाहरुको तिब्रतर मानसिक र शारिरीक बिकास हुने अवधी यहि नै हो । नेपालमा कुपोषण एक गम्भिर समस्याको रुपमा रहेको छ । नेपालका पाँच वर्षमुनिका बाल बालिका मध्ये ४१५ पुड्कोपना,२९५ कम तौल तथा ११५ मा ख्याउटेपन रहेको छ । नेपाल सरकारले विशेष गरी गर्भवति महिला,स्तनपान गराईरहेको आमा तथा बाल बालिकाहरुमा पोषणको स्थितिमा सुधार गरेतापनि सिद्धलेक गाउँपालिकामा विशेष गरी गर्भवति महिला,स्तनपान गराईरहेको आमा तथा बाल बालिकाहरुमा पोषणको अवस्थामा सन्तोषजनक सुधार नभएको अवस्था लाई मध्यनजरगरी सिद्धलेक गाउँपालिकाको १३औ गाउँसभाको निर्णय बमोजिम अध्यक्षसंग पोषण कार्यक्रम संचालनार्थ बजेट विनियोजन गरि सिद्धलेक गाउँपालिकाले स्थानी सरकार संचालन ऐन,२०७४ को दफा १०२ को उफदफा २ ले दिएको अधिकार प्रयोग गरी यो कार्यबिधि निर्माण गरेको छ ।

**उद्धेश्यः** कार्यक्रमको मूल उद्देश्य जनसमुदायमा स्वास्थ्य र पोषण सम्बन्धि जनचेतना जगाउने र समुदायमा आधारित आमा तथा शिशुको स्वास्थ्य तथा हेरचाह सम्बन्धी कार्यक्रम संचालनको साथै भिटामिन तथा खनिज पदार्थहरू मिश्रित पौष्टिक आहार वितरण गरी उनीहरूको पोषणयुक्त खानाको आवश्यकता पूरा गर्न सहयोग समेत गर्ने रहेको छ । मानिसको ८० प्रतिशत दिमागको विकास जन्मेको २ वर्षभित्र हुने विभिन्न अध्ययनहरुले देखाएको छ र यो बच्चाको पोषणयुक्त, संतुलित र स्वच्छ आहार व्यवहारमा निर्भर रहन्छ । यसर्थ नेपालका खाद्य असुरक्षित उच्च पहाडी तथा हिमाली क्षेत्रका गर्भवती र स्तनपान गराईरहेका महिला तथा ६ देखि २३ महिना सम्मका बालबालिकाहरूको स्वास्थ्य तथा पोषण स्थिति सुधार गर्नका लागि अध्यक्षसंग पोषण कार्यक्रम लागू गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१.२ संक्षिप्त नाम र प्रारम्भः**

१.२.१ यो कार्यविधिको नाम "अध्यक्षसंग पोषण सेवा कार्यक्रम कार्यान्वयन कार्यबिधि २०८०" रहनेछ ।

१.२.२ यो कार्यविधि गाउँकार्यपालिका बाट स्वीकृत भएको मितिबाट लागु हनेछ ।

१.२.३ यो कार्यविधि सिद्धलेक गाउँपालिकाभित्र लागू हुनेछ ।

**२. परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमाः

**क. गाउँपालिका** भन्नाले सिद्धलेक गाउँपालिकालाई सम्झनुपर्छ ।

**ख. अध्यक्ष** भन्नाले सिद्धलेक गाउँपालिकाको अध्यक्ष लाई सम्झनुपर्छ ।

**ग. उपाध्यक्ष** भन्नाले सिद्धलेक गाउँपालिकाको उपाध्यक्ष लाई सम्झनुपर्छ ।

**घ. प्रमुख प्रशासकीय अधिकृत** भन्नाले सिद्धलेक गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनुपर्छ

**ङ.स्वास्थ्य शाखा** भन्नाले सिद्धलेक गाउँपालिकाको स्वास्थ्य शाखा सम्झनुपर्छ ।

**च. स्वास्थ्य जनशक्ति** भन्नाले सिद्धलेक गाउँपालिकाको भित्र कार्यरत चिकित्स,जन स्वास्थ्यनिरीक्षक,हे.अ.,सि अ हे व, अ हे व, सि अ न मी,अ न मी तथा अन्य स्वास्थ्यकर्मी पारामेडिक्स र नर्स लाई सम्झनुपर्छ ।

**छ. लक्षित समूह** भन्नाले सिद्धलेक गाउँपालिका भित्र बसोबास गर्ने गर्भवती महिला, बच्चा जन्मेको ६ महिनाको आमा ( अथवा सुत्केरी भएको ४५ दिनको आमा ) ,६ देखि २३ महिनासम्मको बच्चा अस्थायी,स्थायी बसोवास गर्ने स्थानीय नागरिक सम्झनुपर्छ ।

ज. **कार्यक्रम** भन्नाले सिद्धलेक गाउँपालिका भित्र अध्यक्षसंग पोषण सेवा कार्यक्रम सम्झनुपर्छ ।

**झ. यतायात खर्च** भन्नाले कार्यक्रम संचालन गर्ने क्रममा नागरिकको घर दैलो सम्म पुगी स्वास्थ्य जाँच गरी पोषण आहार बितरण गरे वापत स्वास्थ्यकर्मीहरु लाई दिइने यतायात खर्चलाई बुझिनेछ जुन पालिकाको नियमानुसार हुनेछ ।

**ञ. संचार खर्च** भन्नाले कार्यक्रम संचालनार्थ फोकल पर्शन,स्वास्थ्य शाखा प्रमुख समेतलाई दिईने संचार खर्च बापतको रकमलाई बुझिनेछ ।

**ट.अनुगमन तथा सुपरीवेक्षण खर्च** भन्नाले कार्यक्रम संचालन गर्नेक्रममा पालिका अन्तर्गत स्वास्थ्य शाखा प्रमुख तथा अन्य स्वास्थ्यकर्मी,प्रमुख प्रशासकीय अधिकृत लगायत अन्य पदाधिकारीहरुलाई अनुगमन गरेवापत दिईने रकमलाई बुझ्नुपर्छ ।

**<u>ठ.पौष्टिक अहारको उपलब्धता</u>** भन्नाले स्वास्थ्यकर्मी टिमले संकलन गरेको लक्षित समूहको नागरिकले खाई रहेको पौष्टिक आहार तथा पालिकामा भएको कार्यक्रम संचालक समितिको निर्णयानुसार खरिद गरेको पौष्टिक आहारलाई जनाउँछ ।

**<u>तथ्याङ्क</u>** भन्नाले स्वास्थ्यकर्मी टिमले संकलन गरेको लक्षित समुहको नागरिक लाई जनाउँछ ।

**ढ. <u>बैठक भत्ता</u>** भन्नाले संचालक समितिको पदाधिकारीहरुलाई बैठक भत्तावापत दिईने रकम लाई जनाउँछ ।

**<u>३.कार्यक्रम सञ्चालक समितिको गठन सम्बन्धी ब्यवस्थाः</u>**

सञ्चालक समितिमा देहाय बमोजिमको पदाधिकारीहरु रहनेछ ।

१.गाउँपालिकाको अध्यक्षः संयोजक

२.गाउँपालिकाको उपाध्यक्षः सदस्य

३.प्रमुख प्रशासकीय अधिकृतः सदस्य

४.बिषयगत समितिको अध्यक्षः सदस्य

५.गाउँपालिका अध्यक्ष द्वारा मनोनित २ जना महिलाः सदस्य

६.स्वास्थ्य शाखा प्रमुखः सदस्य सचिव

**नोटः** माथि जुनसुकै कुरा लेखिएतापनि कार्यक्रम सम्बन्धी छलफलको आवश्यकता भएमा अध्यक्ष द्वारा बिज्ञ ब्यक्तिहरु लाई आमन्त्रण गर्न  अथवा सदस्यहरु थपघट गर्न सकिनेछ ।

<u>४. **सञ्चालक समितिको काम कर्तव्य र अधिकारः**</u>

१. सञ्चालक समितिको काम कर्तब्य देहाय बमोजिम हुनेछ ।

क. कार्यक्रमको आवश्यकता, नीति, योजना, बजेट, तर्जुमा गर्न कार्यपालिकालाई सुझाव दिने।

ख. स्वीकृत योजना कार्यान्वयन गर्ने गराउने ।

ग. कार्यक्रमको अनुगमन गर्ने गराउने ।

घ. अनुगमन गर्दा भेटिएका दुर्वलपक्ष लाई सुधार्न पहल गर्ने ।

ङ. आवश्यक सामग्री खरिद गर्न पहल गर्ने ।

**<u>५.समितिको बैठक सम्बन्धि ब्यवस्थाः</u>**

क. समितिको बैठक ३/३ महिनामा अथवा संयोजकले तोकेको स्थान समय र मितिमा हुनेछ ।

ख. ५० प्रतिशत भन्दा बढि सदस्य संख्या उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ ।

## परिच्छेद २
## कार्यक्रम संचालन प्रक्रिया

**६. अभिमुखिकरण कार्यक्रमः** सिद्धलेक गाउँपालिका भित्र अध्यक्षसंग पोषण सेवा कार्यक्रम सञ्चालनार्थ गाउँसभा सदस्य,अन्तरगतका कर्मचारी, स्वास्थ्य कर्मी महिला स्वास्थ्य स्वयं सेविका अन्य सरोकारवालाहरु लाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने ।

**६.१** अभिमुखीकरण पश्चात स्वास्थ्यकर्मीको टिमले प्रत्येक वडाका स्वास्थ्य संस्थाबाट समन्वय गरि लक्षित समुहको स्वास्थ्य परीक्षण गर्ने र तथ्याङ्क संकलन तथा आवश्यक औषधी, पोषणअहार, बितरण एवं अन्य आवश्यक प्रकृया अवलम्बन गर्ने ।

**७. लक्षित समूहबाट पौष्टिक आहार प्राप्त गर्ने आधारहरुः**

आमा तथा बाल स्वास्थ्य र पोषण कार्यक्रम संचालन हुने पालकिामा बसोबास गर्ने सबै गर्भवती महिला तथा पूर्ण (६ महिनासम्म) स्तनपान गराइरहेकी आमाहरू र ६–२३ महिनासम्मका बालबालिकाहरू यस कार्यक्रमका लागि लक्षित समूह ठहरिने छन् । गाउँपालिकामा अवस्थित स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीद्वारा पौष्टिक आहार प्राप्त गर्न लक्षित समूहको यकिन गरिनेछ । गर्भवती महिलाहरूको पहिचान गरिसकेपछि सुत्केरी नहुञ्जेलसम्म बढीमा ९ महिनाको लागि गर्भवती महिलाको रूपमा लक्षित समूह मानिनेछ । त्यसै गरी सुत्केरी भएदेखि बच्चा ६ महिनाको नहुञ्जेलसम्मका आमाहरूलाई (६ महिना अर्थात पूर्ण स्तनपानको अवधिभरी) यस कार्यक्रमका लागि लक्षित समूह मानिनेछ । कथंकदाचित (आमाको पेटभित्रै) भ्रूणको मृत्यु भएमा वा जन्मिएको ६ महिनाभित्रै बच्चाको मृत्यु भएमा, त्यस्ता आमाहरूलाई भ्रूण या बच्चाको मृत्यु भएको एक महिनासम्म मात्र लक्षित गर्भवती महिला अथवा सुत्केरी आमाहरूका सूचीमा राखिन्छ, त्यसपछि हटाइनेछ । सुत्केरी हुने क्रममा अथवा सुत्केरी भएको ६ महिनाभित्र आमाको मृत्यु भएमा वा बच्चा छोडेर गएको प्रमाणित भएमा सम्बन्धित बालबालिकाको जन्मदर्ताको आधारमा ६ देखि २३ महिना उमेरका बालबालिकाहरूले प्रत्येक महिना पौष्टिक आहार सो बालबालिकालाई पूरक खाना खुवाउन सम्बन्धित स्याहारकर्तालाई उपयुक्त प्राविधिक सल्लाह दिई ३ के.जी. प्रति महिना पौष्टिक आहार दिन प्रबन्ध मिलाउन सकिन्छ । बालबालिकाहरूलाई उपभोक्ता सरह मान्यता प्राप्त गर्नको लागि ६ देखि २३ महिना उमेर समूहमा पर्ने सबै बालबालिकाहरूको जन्म दर्ता प्रमाणपत्रको आधारमा पौष्टिक आहार वितरण गरिनेछ । महिला तथा बालबालिकाहरू मात्र पौष्टिक आहारको लक्षित समूह ठहरिने छन् ।

**८.पौष्टिक आहार भण्डारण**

यो कार्यक्रम लागू भएका पालिकास्थित पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिसँगको पारस्परिक सहयोगमा पौष्टिक आहार भण्डारण व्यवस्था मिलाईनेछ । सोही अनूरुप प्राप्त पौष्टिक आहारलाई उचित भण्डारण,व्यवस्थापन तथा वितरण गर्नको लागि निम्न कुराहरुमा ध्यान दिनुपर्दछ :

**(१)भुइंमा नछुवाउने**

- खद्यान्न भण्डारणमा राख्दा खाद्यान्नका प्याकेटलाई भुइंमा नछुवाईकन राख्नुपर्दछ ।
- पौष्टिक आहारलाई भिज्न र ओसिनबाट जोगाउनका लागि भुइंमा काठका चकटी वा बांसका भाटाको चाङ बनाई त्यसमाथि पौष्टिक आहारका प्याकेटहरु खात लगाई राख्नुपर्दछ ।
- त्यसरी राखिएका काठ वा बांस सफा र सम्म हुनुका साथै काँटी ठडिएको वा चोइटा उप्किने किसिमको हुनुहुंदैन

(२) पर्खाल, भित्ता र छानामा नसटाउने वा नटांस्ने:

- खाद्यनन्नका प्याकेटलाई पर्खाल र छानामा सटाएर राख्नु हुंदैन ।
- प्याकेटका खातका वरिपरि पर्याप्त हावा प्रवाहका लागि प्रसस्त खाली ठाउँ छोड्नु पर्दछ ।
- यदि गोदामघर ठुलो र सुविधायुक्त  छ भने एउटा मानिस खातको टुप्पोसम्म पुगी प्याकेट जाँच गर्नसक्ने गरी प्याकेटको खात र छानोको बिचमा प्रसस्त खुल्ला ठाउँ छाड्नु पर्दछ ।

(३) **वरिपरि खुल्ला ठाउँ राख्नेः–**

- एकजना व्यक्तिलाई खातको वरिपरि घुम्न सम्भव हुनेगरी खाधान्नका प्याकेटलाई खात लगाउनु पर्दछ ।

(४) **नयां र पुरानो मौज्दात छुट्टयाउने ।**

- नयाँ र पुराना स्टकहरुलाई छुट्टा–छुट्टै खातमा राखी कार्डहरुले अंकित गर्नु पर्दछ

(५) **अन्य वा अखाद्य वस्तुबाट अलग राख्ने ।**

- अरु वस्तु जस्तैःफर्निचर,औजार लगायत अखाद्य वस्तुबाट खाद्यसामाग्रीलाई छुट्टै राख्नु पर्दछ ।

(६) **हानिकारक वस्तुवाट अलग राख्ने ।**

- खाद्य गोदाममा कहिल्यैपनि हानिकरक रसायनिक पदार्थहरु पौष्टिक आहारसँगै राख्नु हुँदैन ।

(७) **पहिले भण्डारण गरिएको खाद्यान्न पहिले वितरण गर्ने ।**

- पहिले भण्डारण गरिएको प्याकेटलाई पहिले निकाली पौष्टिक आहार वितरण गर्नुपर्दछ ।

(८) **खात नियमित रुपमा परिक्षण तथा अनुगमन गर्ने ।**

- खाद्यान्न विग्रेको छ छैन जाँच्नको लागि नियमित रुपले खाद्यान्नका प्याकेटका खातहरुको निरीक्षण गर्नुपर्दछ ।

**९. पौष्टिक आहार वितरण**

सम्बन्धित स्वास्थ्य संस्थाहरूमा आवश्यक पर्ने गर्भवती सेवा, पूर्ण स्तनपान गराउने आमाहरूका लागि नियमित सेवा, वृद्धि अनुगमन परामर्श तथा स्वास्थ्य र पोषण सम्बन्धि जनचेतनामूलक सेवाहरू मासिक रूपमा तोकिएको स्थान र मितिमा प्रदान गरिसकिएको वा सेवाहरु प्राप्त गरेको यकिन भएपछि मात्र पौष्टिक आहार बितरण गरिनेछ । यसरी पौष्टिक आहार वितरण गर्नु पूर्व समग्र सेवाहरू दिनको लागि स्वास्थ्यकर्मीहरू, सम्बन्धित खाद्य सुरक्षा निर्देशक समिति तथा स्वास्थ्य व्यवस्थापन तथा सञ्चालन समितिहरू सकृय रूपमा संलग्न हुनुपर्नेछ । प्रत्येक लक्षित समूह संग स्वास्थ्य संस्थाहरूबाट प्रदान गरिएको मातृ तथा नवशिशु कार्ड र बाल स्वास्थ्य कार्ड अनिवार्य हुनुपर्नेछ । सेवा प्राप्त गरे/नगरेको प्रमाण सोही बाल स्वास्थ्य कार्ड र मातृ तथा नवशिशु कार्डबाट बुझ्न सकिनेछ र सोही कार्डको आधारमा स्वास्थ्यकर्मिले तोकिएको परिमाणमा पौष्टिक आहार वितरण गर्नेछन् । स्वास्थ्यकर्मीले पौष्टिक आहार वितरण गर्दा भण्डारमा पहिले आएको आहार वितरण (First in First Out) गर्नुपर्नेछ । जसले पहिले भण्डारण हुन आएको पौष्टिक आहारको गुणस्तर घट्नबाट रोक्छ वा विग्रनबाट जोगिन्छ । त्यसै गरी विशेष अवस्थामा, म्याद सकिने मिति नजिकिएको (First Expiry First Out) पौष्टिक आहारको वितरण पहिले गर्नु पर्नेछ । स्वास्थ्य संस्थाहरूमा अद्यावधिक राखेको दर्ता खातामा लक्षितहरूलाई वितरण गरिएको पौष्टिक आहार को अभिलेख स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीले राख्नु पर्नेछ ।

**<u>१०.पारिश्रमिक तथा व्यवस्थापन खर्च सम्बन्धी व्यवस्थाः</u>**

यस कार्यबिधिमा उल्लेखित क्रियाकलाप कार्यान्वयन गर्न स्वास्थ्यकर्मीको यतायात खर्च, अनुगमन, लजिस्टिक ईत्यादि खर्च गाउँपालिका बाट बिनियोजित शीर्षक बजेटबाट आवयश्यक्ता अनुसार गर्न सक्नेछ ।

**११.अनुगमन तथा मूल्याङ्कनः**

कार्यक्रमको अनुगमन तथा मुल्याँकन स्वास्थ्य शाखा, संचालक समितिले त्रैमासिक/अर्धवार्षिक/बार्षिकरुपमा तथा आवश्यक परेमा जुनसुकै समयमा पनि गर्न सकिनेछ ।

# <u>परिच्छेद ३</u>

## <u>विविध</u>

**१२.अभिलेखः** सिद्धलेक गाउँपालिका स्वास्थ्य शाखाले कार्यक्रम सञ्चालन गरेको, निःशुल्क पोषण सेवा उपलब्ध गराएको लाभग्राहीको अभिलेख अनुसूची -१ बमोजिम अध्यावधिक गरेर राख्नुपर्नेछ ।

**१३.प्रतिवेदनः** सिद्धलेक गाउँपालिका स्वास्थ्य शाखाले कार्यक्रम सञ्चालन गरेको, निःशुल्क पोषण सेवा उपलब्ध गराएको लाभग्राहीको अभिलेख अनुसूची -२ बमोजिम मासिक रुपमा पालिका तथा माथिलो निकायमा पेश गर्नुपर्नेछ।

**१४.पारदर्शिता कायम राख्नेः** लाभग्राहीको नामावली तथा संख्यात्मक प्रतिवेदन मासिक रुपमा गाउँपालिका स्वास्थ्य शाखाको सूचना पाटीमा टाँस गर्नुपर्नेछ तथा सोको जानकारी गाउँपालिकाको वेवसाईटमा समेत राख्नु पर्नेछ ।

**१५. लजिस्टिकको ब्यबस्थाः**

फिल्डमा जाँदा स्वास्थ्यकर्मी टिमलाई आवश्यक फर्म फरमेट छपाई,स्टेशनरी, ईत्यादि लजिस्टक समानहरु कार्यक्रमको लागि बिनियोजित शीर्षकको बजेटबाट खरिद गरि ब्यवस्थापन गरिनेछ ।

**१६. बाधा अड्काउ फुकाउनेः** यो कार्यबिधी कार्यन्वयनमा बाधा अड्काउ परेमा गाउँकार्यपालिकाको निर्णय बमोजिम बाधा अड्काउ फुकाउन सकिनेछ ।

अनुसूची १

(दफा ५संग सम्बन्धित)

# अभिलेख फाराम

आ. ब.....................................साल ...............................महिना..............

| क्रस | लाभग्राहिको नाम | उमेर | लिङ | ठेगाना | लक्षित समुह | | | पोषणको अवस्था पाखुराको नाप/तोल अनुसार | | | | सम्पर्क नं' |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | गर्भवति | ४५दिन को सुत्केरी | ६देखि २३ महिना को बच्चा | हरियो | पहेलो | रातो | अन्य | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

तयारपार्नेः                                                                                 प्रमाणित गर्ने

## अनुसूची २

### (दफा ६ सँग सम्बन्धित)

**आ.ब.**

**प्रतिवेदन फारामः**

**महिनाः**

**मितिः**

| क्र स | ठेगाना | वार्ड | लिङ | लक्षितसमुह | | | पोषणको अवस्था | | | पोषणअहार/अन्य सेवा दिएको विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | गर्भवति संख्या | ४५ दिनको सुतेरी संख्या | ६-२३ महिना को बच्चाको संख्या | हरियो सख्या | पहेलो सख्या | रातो सख्या | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

**तयार पार्नेः** **सदर गर्नेः**

**नोटः** नियमित कार्यक्रमको लागि देहायबमोजिमको अभिलेख तथा प्रतिवेदन प्रयोग गर्न सकिन्छ ।

**दर्ता रजिष्टर**

दर्ता रजिष्टर स्वास्थ्य संस्थाबाट लक्षित समूहलाई प्रदान गरिएको विभिन्न स्वास्थ्य सेवाको विवरण अभिलेख राख्न जन्मेदेखि २३ महिनासम्मको बच्चाहरूको लागि एउटा दर्ता रजिष्टर र गर्भवती तथा सुत्केरीहरूको लागि अर्को दर्ता रजिष्टर उपलब्ध गराईने छ । बच्चाहरूको लागि प्रयोग गरिने दर्ता रजिष्टरमा १ देखि २३ महिनाको सम्मको लागि २३ वटा महलहरू तथा भिटामिन ए तथा अलवेण्डाजोलको लागि २ वटा गरी जम्मा २५ वटा महल रहनेछन् (अनुसूचीमा संलग्न फाराम नं. १ क र १ ख । यसैगरी गर्भवती तथा सुत्केरीहरूको रजिष्टरमा गर्भवती अवस्थाको १० महिनाको लागि १० वटा महल तथा सुत्केरीको ६ महिनाको लागि ६ वटा महलहरू र कुनै समस्या परेमा सो उल्लेख गर्नको लागि एउट महल राखिएको छ । गर्भवती तथा सुत्केरीहरूको र २३ महिना सम्मको बच्चाहरू लागि यस रजिष्टरमा एकपटक दर्ता गरेर दर्ता नं. दिईसकेपछि पटक-पटक दर्ता गरिरहनु पर्दैन ।